सुदूरपश्चिम विश्वविद्यालय
व्यवस्थापन संकाय
डीनको कार्यालय
महेन्द्रनगर, कञ्चनपुर

पत्र संख्या :
च.नं. :

मितिः २०८१/०८/१७

स्नातकोत्तर तहको प्रवेश परीक्षा सम्बन्धी सूचना

सुदूरपश्चिम विश्वविद्यालय, व्यवस्थापन संकायतर्फका सेमेष्टर प्रणालीमा आधारित २ वर्षे स्नातकोत्तर तहका Master of Business Administration (MBA) र Master of Business Studies (MBS) शैक्षिक कार्यक्रमहरूमा विश्वविद्यालयको व्यवस्थापन केन्द्रीय विभाग लगायत तोकिएका शैक्षिक कार्यक्रमको स्वीकृति प्राप्त विश्वविद्यालयका आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूमा शैक्षिक सत्र २०८१/८२ का लागि नयाँ विद्यार्थी भर्ना गर्न निम्नानुसार व्यवस्थापन प्रवेश परीक्षा (Management Admission Test – MAT) सञ्चालन हुने व्यहोराको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छः

कार्यक्रमहरू	MBA	MBS
प्रवेश परीक्षा आवेदन फारम बुझाउने अन्तिम मिति	२०८१ पौष ८ गतेसम्म	२०८१ पौष ५ गतेसम्म
प्रवेश परीक्षा सञ्चालन हुने मिति र समय	२०८१ पौष १० गते, बिहान ११ बजेदेखि	२०८१ पौष १० गते, बिहान ८ बजे
भर्नाका लागि न्यूनतम शैक्षिक योग्यता	मान्यता प्राप्त शिक्षण संस्थाबाट BBA, BBM, BBS वा सो सरहको बिषयमा न्यूनतम द्वितीय श्रेणी वा न्यूनतम 2.00 CGPA सहित स्नातक तह उत्तीर्ण गरेको ।	मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण गरेको ।
प्रवेश परीक्षा आवेदन फारम शुल्क	रु. २,५००	रु. १,५००
प्रवेश परीक्षाको प्रश्नपत्रको संरचना	1. Written Test: MCQ (verbal ability, quantitative ability, logical reasoning, general awareness, knowledge of business and economy), Eassy and Case Analysis) 2. Group Discussion 3. Personal Interview	Written Test: MCQ relating to verbal ability, quantitative ability, logical reasoning, general awareness, knowledge of business and economy.
प्रवेश परीक्षा केन्द	भर्नाका लागि प्रवेश परीक्षाको आवेदन फारम पेश हुने व्यवस्थापन केन्द्रीय विभाग र कार्यक्रम सञ्चालनको अनुमति प्राप्त आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरू ।	

पुनश्चः भर्नाको समयमा स्नातक तह उत्तीर्ण भएको प्रमाणपत्र पेश गर्ने शर्तमा स्नातक तहको परीक्षाफलको प्रतिक्षामा रहेका विद्यार्थीहरू समेत प्रवेश परीक्षामा सहभागी हुन सक्नेछन । भर्ना अवधि, अभिमुखीकरण कार्यक्रम र पठनपाठनसम्बन्धि सूचना प्रवेश परीक्षाको नतिजा सँगै प्रकाशन गरिने छ । अन्य जानकारीका लागि व्यवस्थापन केन्द्रीय विभाग, महेन्द्रनगर र विश्वविद्यालयका आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूमा सम्पर्क गर्न सकिनेछ । शैक्षिक कार्यक्रमहरू सञ्चालनको अनुमति पाएका सम्बन्धन प्राप्त क्याम्पसहरूको बिवरण विश्वविद्यालयको website: www.fwu.edu.np बाट प्राप्त गर्न सकिने छ ।

(प्रा.डा. पदमराज जोशी)
डीन